# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १८ गते २०११ साल

भाग २

## अर्थ (आय) मन्त्रालयको सूचना

११।गृ बि.।६४।६६४५ मितिः— २०—१०—०११

११।८।२३ मा प्रकाश भएका मनाही माल
गुएटा भिटो भारीमा रहेको र आएको छाड्ने।

म १।६,

उक्त बिषय मनाही माल विषय कमिटीको सिफारीसअनुसार देहायको माल देहायका परिमाणसम्म सवालबमोजिम लाग्ने महसूल लिई छाड्ने "११'१०।५ मा निर्णय भई आएकोले निर्णयअनुसार देहायको माल देहायका परिमाणसम्म गुएटा भिटोका आएमा ऐन सवालबमोजिम लाग्ने महसूल लिई छाडिदिनुहोला।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) रबरको डसना तकिया चक्टीहरू काममा लगाइसकिएको १।१ वटासम्म एक जहानलाई ।

(२) अत्तरहरू ½औंससम्मको प्याक खोलेको सिसी एक।

(३) सिल्क फाइवर निलन र रेशमको कपडाहरूमा :–

(क) निजी व्यवहारको चलन चलतीको पुरानो मालहरू। पुरानो माल-मा पनि व्यापारिक दृष्टिबाट ल्याएको हुन हुँदैन।

(ख) नयाँ मालमा जनही ४ वटासम्म

(ग) नयाँ कपडामा जनही १० गज सम्म। सारी पनि यसैमा गनिनेछ ।

(१) सिंगमरमर लमा:–

(क) देव देवताको मूर्तिहरू ।

(ख) चलन चल्ती भइसकेको पुरानो ढुँगाको थाल कचौरा गिलास गरी ५ चीजको सेट् १ एक।

(ग) हाम्रो देशभित्र तयार भएको चलन चल्तीको पुरानो मालहरू ।

(५) नेपालमा तयार भएको गलैंचाहरू ।

(६) बिदेशी मदिरामा :–

(क) विदेशी यात्रुले ल्याएको व्हिस्की ब्राण्डी जिन स्याम्पीनहरूमा जुन ल्याए पनि जम्मा १ ेल र बियर रममा २ बोतलसम्म।

(ख) यात्रुहरूले एको माईब्रोन ब्रिन्कारनीस औषधीको रूपमा व्यवहार गरिने मदिरा हुनाले जम्मा २ बोतलसम्म।

आज्ञाले–—

चूडानन्द वैद्य,

कामु. सेक्रेटरी–अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी

२४६

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।